# माधव नारायण नगरपालिका
# Madhav Narayan Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive

माधोपुर, रौतहट
Madhopur, Rautahat,
प्रदेश नं. २, नेपाल
Province No. 2, Nepal

सम्पर्क : ९८५५०४०८२९
९८५५०४४०२५
९८५५०४०४१७

पत्र संख्या :०७८/०७९
चलानी नं. :१५५८
प्राप्त प.सं/च.नं.

मिति: २०७८/०९/२१

**विषय : पटवा, विल्टाउ,विन(मुखिया),मलाह(सनही) र गोढया जातीको सामाजिक सुरक्षा भत्ता सम्बन्धमा ।**

श्री वडा कार्यालय सवै,
माधव नारायण नगरपालिका,
माधोपुर, रौतहट ।

उपर्युक्त सम्वन्धमा श्री राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको च.नं. ३१९६ मिति २०७८/०३/८ को पत्र मार्फत तथा राष्ट्रिय दलित आयोगको च.नं.४२६ मिति २०७८/०३/०२ को पत्रानुसार पटवा, विल्टाउ, विन(मुखिया), मलाह (सनही) र गोढया जात/थर का व्यक्तिहरुलाई उक्त दलित जाती अन्तर्गत पर्ने र दलित अनुसूची विवरणमा समेत समावेश गरिने भनी पत्र लेखि आएकोले उक्त जाती/थरका व्यक्तिहरुलाई सामाजिक सुरक्षा भत्ता प्रदान गर्न वाधा नपर्ने भनी पत्राचार भएको विद्धितै छ ।

तथापि श्री राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको च.नं. १३६ मिति २०७८/०४/१८ को पत्र मार्फत तथा राष्ट्रिय दलित आयोगको च.नं. ०२ मिति २०७८/०४/०३ को पत्र मार्फत मिति २०७८/०३/०२ गतेको निर्णय हाललाई कार्यान्वयन नगर्न/नगराउनु भनी पत्राचार भई आएको हुँदा उक्त जातीहरुलाई यस चौमासिक देखि भत्ता वितरण नगरिने भएकोले अर्को व्यवस्था नहुन्जेल सम्म नामावली संकलन नगर्ने जानकारीका साथै विभागको पत्र समेत यसै साथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध छ ।

२०७८/९/२१

जियालाल राय यादव
नि. प्रमुख प्रशासकीय अधिकृत
**जियालाल राय याद**
**नि. प्रमुख प्र...**

**बोधार्थ**
श्री आर्थिक प्रशासान तथा लेखा शाखा,माधव नारायण नगरपालिका,माधोपुर,रौतहट । (जानकारीका लागि)
श्री सिद्धार्थ बैंक लिमिटेड,माधव नारायण शाखा,माधोपुर,रौतहट । (जानकारीका लागि)
श्री सूचना प्रविधि अधिकृत ज्यू, माधव नारायण नगरपालिका- **Website मा अपलोड गरि दिनु हुन ।**